नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-

मिति :.२०८०/१/१........

## व्यक्तिगत घटना दर्ता सप्ताह सन्देश

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले "व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तिका लागि जन्म, मृत्यु, विवाह, बसाईं सराइ र सम्बन्ध विच्छेदलगायतका व्यक्तिगत घटना, घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं/गराऔं" भन्ने मूल सन्देशका साथ २०८० साल वैशाख १ गतेदेखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम मुलुकभर सञ्चालन गरिरहेको छ। व्यक्तिगत घटना दर्ता व्यक्तिको कानुनी पहिचान र सार्वजनिक सेवा प्राप्त गर्ने मुख्य प्रमाणका रुपमा रहने भएकाले यस कार्यक्रमले समयमा नै घटना दर्ता गर्ने कार्यमा उत्प्रेरित गर्ने विश्वास लिएको छु।

नेपालको संविधानले प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हकलाई सुनिश्चित गरेको छ। हाल राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र नियमावली, २०७७ अनुसार स्थानीय पञ्जिकाधिकारीद्वारा व्यक्तिगत घटना दर्ता हुँदै आएको छ। यस विभागले व्यक्तिगत घटना दर्ता प्रक्रियालाई आधुनिकीकरण गरी सो सम्बन्धी तथ्याङ्कलाई समयमा नै प्राप्त गर्ने व्यवस्था मिलाउन अनलाइन प्रणाली लागु गरेको छ। हाल मुलुकका ६७४३ वडा कार्यालयमध्ये ६५७६ वडा कार्यालयले अनलाइन व्यक्तिगत घटना दर्ता लागु गरेका छन्।

राष्ट्रिय जनगणना, २०७८ अनुसार ५ वर्ष वा सो भन्दा कम उमेर समूहका जन्मदर्ता भएका बालबालिकाको संख्या ७४ प्रतिशत रहेको र अझै २६ प्रतिशत बालबालिकाको जन्मदर्ता हुन बाँकी रहेको देखिन्छ। ३५ दिन भित्रै व्यक्तिगत घटना दर्ता गर्दा नागरिकलाई विलम्ब शुल्कको व्ययभार नपर्ने र राज्यलाई समेत उचित समयमा तथ्याङ्क प्राप्त हुने भएकाले तथ्यमा आधारित नीतिनिर्माणमा टेवा पुग्ने हुँदा यसमा सबैले सहयोग गर्ने अपेक्षा गरेको छु।

व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रममा सबै नागरिक सहभागी भई आफ्नो व्यक्तिगत घटना दर्ता गराउनु हुन र सबै स्थानीय तह, वडा कार्यालय र स्थानीय पञ्जिकाधिकारीलाई घटना दर्ता सहज र पहुँचयोग्य बनाई सेवा प्रवाह गर्न हार्दिक अनुरोध गर्दछु। धन्यवाद्।

(रुद्रप्रसाद पण्डित)
महानिर्देशक

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np